स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता निखिल उप्रेतीको फिल्म "आचार्य"को टिजर सार्वजनिक भएको छ। ओएसआर डिजिटलको युट्युबमार्फत निखिलको निर्देशन तथा शीर्ष अभिनय रहेको फिल्मको टिजर सार्वजनिक भएको हो। उनी करिब ११ वर्षपछि निर्देशनमा र ७ वर्षपछि अभिनयमा फर्किएका हुन्। सन् २०१५ मा "भैरव" निर्देशन गरेपछि निखिलले अर्को फिल्म निर्देशन गरेका थिएनन्। "आचार्य"बाट उनी दोस्रो पटक निर्देशनको जिम्मेवारीमा फर्किएका हुन्।

आजको विचार...



भगवतीको ... (दुई पेजमा)

नवराज बस्याल 'बादल'

(दुई पेजमा)



अभिनेता पल शाहको मुख्य भूमिका रहेको फिल्म "यानीमाया"को छायांकन पूरा नहुँदै आक्रामक रूपमा विदेश प्रदर्शन अधिकार बिक्री हुन थालेको छ। छायांकन सुरु भएयता ६ देशमा फिल्म बिक्री भइसकेको छ। निर्माता चन्द्र ज्योति आलेका अनुसार हङकङ, जापान, कोरिया, मलेसिया, कतार र थाइल्याण्डमा फिल्मको प्रदर्शन अधिकार बिक्री गरिएको हो। फिल्मको छायांकन समेत नसकिँदै विदेश प्रदर्शन अधिकार बिक्री हुनुमा पल शाहका पछिल्ला फिल्मको व्यापारिक नतिजालाई मुख्य कारण मानिएको छ।

❒ वर्ष ३२ ❒ अंक ४८ ❒ २०८३ भदौ १८ गते बिहीबार 3 September 2026, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पहिचान नखुलेका सात शवको पाल्पामा व्यवस्थापन

# डीएनए अभिलेख सुरक्षित

**रामचन्द्र रायमझी**

**पाल्पा,** भदौ १७/ भोटेकोशी बाढीपछि नारायणी नदी किनारमा भेटिएर लामो समयसम्म पहिचान हुन नसकेका सातवटा शव पाल्पामा व्यवस्थापन गरिएको छ । बाढीपहिरोमा ज्यान गुमाएका तर पहिचान खुल्न नसकेका शवलाई कानुनबमोजिम वैज्ञानिक प्रक्रिया पूरा गरी व्यवस्थापन गर्ने सरकारी निर्णयअनुसार ती शव पाल्पा ल्याइएको थियो ।

नवलपुर क्षेत्रमा नारायणी नदी किनारमा भेटिएका आठवटा शव अन्यत्र सुरक्षित राख्ने स्थानको अभाव भएपछि गत शुक्रबार पाल्पा ल्याइएको थियो । तीमध्ये एक महिलाको शवको मंगलबार पहिचान खुलेपछि बाँकी सातवटा शवलाई तानसेन नगरपालिका-१, भुसालडाँडानजिकै श्रीनगर पर्यापर्यटन सामुदायिक वन क्षेत्रमा व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालय पाल्पाका निमित्त प्रमुख प्रहरी नायब उपरीक्षक भीमलाल



भट्टराईले जानकारी दिए । लामो समयसम्म शव सुरक्षित राख्न सक्ने अवस्था नरहेको, कुहिँदै गएको र दुर्गन्धका कारण स्वास्थ्य जोखिम बढ्न सक्ने अवस्थालाई समेत ध्यानमा राखेर शव व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ । बाढीपछि खोजी तथा उद्धारका क्रममा नारायणी नदी किनारमा भेटिएका ती शव पाल्पा ल्याइएपछि जिल्लाका विभिन्न अस्पतालमा राखिएका थिए । पाल्पा अस्पतालमा एक बालकसहित दुई पुरुष र दुई महिलाको शव राखिएको थियो । त्यस्तै, तानसेनस्थित मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा समेत शव राखेर पहिचानको प्रयास गरिएको थियो ।

शव व्यवस्थापन गर्नुअघि पहिचानका लागि आवश्यक वैज्ञानिक प्रक्रिया भने पूरा गरिएको प्रहरीले जनाएको छ । प्रत्येक शवको फोटो, डीएनए नमुना, बडी ट्याग तथा अन्य आवश्यक विवरण सुरक्षित राखिएको छ । भविष्यमा कुनै परिवारले शवमाथि दाबी गरेमा वा हराइरहेका व्यक्तिको डीएनए नमुनासँग मिलान गर्नुपर्ने अवस्था आएमा सुरक्षित राखिएको अभिलेखका आधारमा पहिचान तथा थप कानुनी प्रक्रिया अघि बढाइने प्रहरी नायब उपरीक्षक भट्टराईले बताए । बाढीपछि नदीमा बगेका तथा लामो समयसम्म पहिचान हुन नसकेका शव व्यवस्थापन गर्नु आफैंमा संवेदनशील विषय बनेको छ । आफन्तको खोजीमा रहेका परिवारका लागि शवको वैज्ञानिक अभिलेख सुरक्षित राखिनुले भविष्यमा पहिचान खुल्ने सम्भावना भने कायम राखेको छ ।

## संक्षिप्त समाचार

### खोलाले बगाउँदा दुई युवकको मृत्यु

**पाल्पा,** भदौ १७ / जिल्लाका रैनादेवी छहरा गाउँपालिकाका दुई यवकको खोलाले बगाउँदा मृत्यु भएको छ । रैनादेवी गाउँपालिका-७ जोगेदारका ३२ वर्षीय विपिन पोखरेल र सोही स्थानका २३ वर्षीय प्रविन पुनको खोलाले बगाउँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक भीमलाल भट्टराईले जानकारी दिए । उनका अनुसार गत सोमबारदेखि बेपत्ता भएका उनीहरुलाई खोलाले बगाई मृत अवस्थामा भेटिएको हो ।

शव रुपन्देहीको सैनामैना नगरपालिका-१० मैयाधारीस्थित कञ्चन खोलामा फेला परेको प्रनाउ भट्टराईले बताए । उनले भने "ति युवाहरु भदौ १५ गते साँझ करिब ६ बजे मोटरसाइकलमा रैनादेवी छहरा गाउँपालिका-८ सत्यवतीतर्फ गएका थिए । त्यसपछि आफन्तको सम्पर्कमा नआएपछि परिवारले भदौ १७ गते अस्थायी प्रहरी पोष्ट बेलवासमा जानकारी गराएका थिए । खोजतलास गर्ने क्रममा उनीहरू सवार मोटरसाइकल डुम्रेबासस्थित सडकबाट करिब पाँच फिट तल खोलामा फेला पारेको थियो ।" त्यसपछि थप खोजी गर्दा दुवै जनाको शव खोलाले बगाएर रुपन्देहीको सैनामैना नगरपालिका-१० मैयाधारीस्थित कञ्चन खोलामा पुऱ्याएको अवस्थामा फेला परेको उनको भनाई छ ।

## औषधिको जथाभावी प्रयोग नगरौं

-चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं,

-चिकित्सकले तोकेको मात्रा र अवधि बमोजिम औषधि सेवन गरौं,

-रुघाखोकी, फ्लु वा भाइरल संक्रमणमा आफूखुशी औषधि प्रयोग नगरौं,

-अरूका लागि लेखिएको औषधि आफैं जथाभावी प्रयोग नगरौं,

-म्याद नाघेको औषधि प्रयोग नगरौं/नगराऔं,

-औषधिको सुरक्षित र जिम्मेवारपुर्वक प्रयोग गरी/गराई आफ्नो र परिवारको स्वास्थ्य संरक्षण गरौं।

-औषधिको अनावश्यक प्रयोगले स्वास्थ्यमा गम्भिर असर पर्न सक्छ। तसर्थ, चिकित्सकको सल्लाह अनुसार मात्र औषधिको प्रयोग गरौं/गराऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

## बाढीपीडितका लागि लायन्स रानीमहलको १ लाख ३६ हजार सहयोग

**पाल्पा,** भदौ १७/ बाढीपहिरोबाट प्रभावित परिवारका लागि लायन्स क्लब अफ पाल्पा रानीमहलले १ लाख ३६ हजार ५ सय ५५ रुपैयाँ बराबरको राहत सहयोग गरेको छ । क्लबले नगदसँगै खाद्यान्न, सरसफाइ सामग्री र कपडा संकलन गरी लायन्स इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ पीमार्फत प्रभावित क्षेत्रमा पठाएको हो ।

बुटवलस्थित डिस्ट्रिक्ट ३२५ पीको सचिवालयमा आयोजित कार्यक्रममा क्लबले ५१ हजार ५ सय ५५ रुपैयाँ नगद र ८५ हजार रुपैयाँ बराबरका राहत सामग्री डिस्ट्रिक्टका गभर्नर सन्दीप कसौधनलाई हस्तान्तरण गरेको थियो । हस्तान्तरण गरिएको राहत प्रभावित क्षेत्रमै पुऱ्याएर आवश्यकताका आधारमा वितरण गर्ने जिम्मेवारी डिस्ट्रिक्टले लिएको क्लबका अध्यक्ष करुणा काफ्लेले जानकारी दिए । बाढीपहिरोका कारण समस्यामा परेका नागरिकसम्म आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले डिस्ट्रिक्टमार्फत राहत हस्तान्तरण गरिएको अध्यक्ष काफ्लेले



बताए । विपद्का बेला प्रभावित परिवारको आवश्यकता पहिचान गरी सहयोग गर्न क्लबले सामाजिक उत्तरदायित्वअन्तर्गत राहत अभियान सञ्चालन गरेको उनको भनाइ छ । राहत ग्रहण गर्दै गभर्नर कसौधनले विपद्को समयमा लायन्स क्लब अफ पाल्पा रानीमहलले गरेको मानवीय सहयोगको प्रशंसा गरे । उनले प्राप्त नगद तथा सामग्रीलाई सम्बन्धित बाढी प्रभावित क्षेत्रमा शीघ्र पुऱ्याई आवश्यकताअनुसार वितरण गरिने बताए । क्लबले विपद्का बेला प्रभावित समुदायलाई सहयोग गर्ने उद्देश्यले संकलन गरेको राहत डिस्ट्रिक्टमार्फत प्रभावितसम्म पुऱ्याउने व्यवस्था मिलाएको एम्बेस्डर अफ गर्भनर गंगा बहादुर खत्रीले बताए । राहत सहयोगले बाढीपहिरोका कारण कठिन अवस्थामा रहेका परिवारलाई तत्कालीन आवश्यकतामा केही सहजता पुग्ने अपेक्षा गरिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## जोखिम न्यूनीकरणमा पनि ध्यान दिऔँ

जलवायु परिवर्तनको असर पछिल्ला वर्षहरूमा नेपालका हिमाली तथा पहाडी क्षेत्रमा अझ गम्भीर रूपमा देखिन थालेको छ । अनियमित वर्षा, छोटो समयमा हुने अत्यधिक वर्षा, तापक्रम वृद्धि तथा हिमाली क्षेत्रमा देखिएका वातावरणीय परिवर्तनले प्राकृतिक विपद्को जोखिम बढाउँदै लगेको छ । पछिल्लो समय रसुवाको भोटेकोसी क्षेत्रमा आएको बाढीले यसैको एउटा गम्भीर संकेत दिएको छ । बाढीले ठूलो मानवीय क्षतिसँगै सडक, पुल, विद्युत्, बस्ती तथा अन्य भौतिक संरचनामा समेत क्षति पुऱ्याएको छ । सीमावर्ती ल्हेन्देखोला हुँदै भोटेकोशी र त्रिशूली नदी तटीय क्षेत्रलाई रसुवा, नुवाकोटदेखि तल्लो तटीय क्षेत्रमा भएको विशाल जनधनको क्षतिको सम्पूर्ण विवरण आउन अझै केही समय लाग्ने छ । यस घटनालाई केवल एउटा प्राकृतिक घटना भनेर पन्छिन मिल्दैन । जलवायु परिवर्तनका कारण वर्षाको प्रकृति र तीव्रतामा आएको परिवर्तनले यस्ता विपद्को जोखिम बढाइरहेको छ । विशेषगरी हिमाली र पहाडी क्षेत्रमा कमजोर भौगोलिक संरचना, नदी किनारमा बढ्दो मानवीय बस्ती, अव्यवस्थित सडक निर्माण तथा वातावरणीय असन्तुलनले विपद्को प्रभाव अझ गम्भीर बनाइरहेको छ ।

औद्योगिक युग सुरु भएको यताका दुई सय वर्षमा प्राकृतिक दोहनबाट कार्बन उत्सर्जनले पृथ्वीको तापमान बढायो । यसको सबैभन्दा तीव्रत्तर प्रतिकूल असर नेपाल जस्ता हिमाली मुलुकमा पर्न थालेको छ । सीमित विकसित मुलुक प्राकृतिक दोहनबाट समृद्धिको शिखरमा पुगे । नेपाल जस्ता मुलुकको कार्बन उत्सर्जनमा दुष्कृतीजन्य योगदान छैन तर पीडा बर्सेनि भोग्दै छ । भोटेकोशीको भदौ १० गतेको हिम बाढी पछिल्लो जलवायु परिवर्तनको असरको पीडादायी घटना संसारसामु ज्वलन्त छ । यो नेपालको मात्र नभई संसारलाई अब जलवायु न्यायका निम्ति अगाडि बढ्नै पर्ने ताजा पाठ हो । भोटेकोशी महाप्रलयले जलवायु परिवर्तनको जोखिम भविष्यको कुनै अमूर्त जोखिम होइन भन्ने सुस्पष्ट पारेको छ । विश्वले अबको पूर्वाधार, अर्थतन्त्र र मानवीय जनजीवनलाई पर्यावरणमैत्री बनाउनै पर्ने चेतावनी हो । जलवायु परिवर्तनको असरको अब बहुआयामिक विपत्का रूपमा आउने स्पष्ट देखिएको छ । अब विश्वले कार्बन उत्सर्जन न्यूनीकरण गर्ने नीति, योजना र कार्यक्रमलाई पहिलो प्राथमिकता दिनु पर्छ । नेपाल जस्ता देशलाई जलवायु परिवर्तनका असरबाट भएको क्षतिको हानिनोक्सानीमा संवेदनशील हुनै पर्छ ।

जलवायु परिवर्तनसँग जुध्ने दीर्घकालीन रणनीति अब विकल्प नभई आवश्यकता बनिसकेको छ । जलवायु परिवर्तनका कारण सिर्जित जोखिम न्यूनीकरणका लागि स्थानीय तहदेखि संघीय सरकारसम्म स्पष्ट योजना, पर्याप्त बजेट र प्रभावकारी कार्यान्वयन आवश्यक छ । विपद् आइसकेपछि मात्रै सक्रिय हुने प्रवृत्तिबाट बाहिर निस्केर विपद् आउनुअघि नै तयारी गर्ने संस्कार विकास गर्नुपर्छ । प्राकृतिक विपद् रोक्न सधैँ सम्भव नहोला, तर त्यसबाट हुने क्षति अवश्य कम गर्न सकिन्छ । त्यसका लागि पूर्वतयारी, पूर्वसूचना, सुरक्षित पूर्वाधार, जोखिमयुक्त क्षेत्रको पहिचान र जनचेतना महत्वपूर्ण आधार हुन् । भोटेकोसीमा भएको क्षतिबाट पाठ सिक्दै सरकारले तत्कालीन राहत तथा उद्धारसँगै दीर्घकालीन जोखिम न्यूनीकरणमा समान प्राथमिकता दिन जरुरी छ ।

### Opinion @ Social Network

जे कुराले मनलाई सन्तोष दिन्छ, गर्ने त्यही हो।
सबैलाई खुशी बनाउन ईश्वरले त सकेनन्।।
*(शान्ता ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भगवतीको आस्था, जितगढीको वीरता र बिर्सिएका वीरहरू



नवराज बस्याल 'बादल'

पाल्पाको ऐतिहासिक भगवती मन्दिर र जितगढी नेपालको इतिहासमा वीरता, साहस, राष्ट्रिय स्वाभिमान र मातृभूमिको रक्षासँग जोडिएका महत्वपूर्ण नाम हुन । नेपाल अंग्रेज युद्धको इतिहास सम्झदा तानसेनको भगवती मन्दिर र बुटवलको जितगढीलाई अलग-अलग रूपमा हेर्न सकिदैन । एउटा ठाउँमा विजयको भाकल गरिएको इतिहास छ भने अर्को ठाउँमा त्यही विजयका लागि नेपाली वीरहरूले अंग्रेज फौजसँग युद्ध लडेको इतिहास छ ।

भगवती मन्दिरमा पूजा गरेर विजयको कामना गर्दै युद्धभूमितर्फ अघि बढेको कथा आज पनि सुनिदै आएको छ । जितगढीमा अंग्रेज फौजविरुद्ध नेपाली सेनाले देखाएको साहस नेपाली इतिहासको गौरवका रूपमा स्मरण गरिन्छ नेपाल अंग्रेज युद्धका क्रममा पाल्पाको भूमिका निकै महत्वपूर्ण थियो । अंग्रेज फौज नेपालतर्फ आफ्नो प्रभाव विस्तार गर्दै अघि बढिरहेको अवस्थामा नेपाली पक्षले आफ्नो भूगोल, रणनीति र साहसका आधारमा प्रतिरोध गरेको थियो । जितगढीको युद्धमा नेपाली सेनाको नेतृत्व उजिरसिंह थापाले गरेका थिए । सीमित स्रोतसाधनका बाबजुद नेपाली सैनिकहरूले अंग्रेज फौजको सामना गरे र जितगढीमा महत्वपूर्ण विजय हासिल गरे । यही विजयको इतिहाससँग तानसेनको भगवती मन्दिरको आस्था पनि जोडिएको छ । भगवती मन्दिरमा पुग्दा हामीले आज पनि त्यो इतिहास सम्झन्छौ भगवती माताको पूजा गर्छौं जात्राको इतिहास सम्झन्छौ । उजिरसिंह थापाको नाम उच्चारण गर्छौं जितगढीको विजयको चर्चा गर्छौं तर यही इतिहास सम्झदै गर्दा मेरो मनमा एउटा प्रश्न बारम्बार उठछ त्यो युद्धमा उजिरसिंह थापासँगै हतियार बोकेर युद्धभूमिमा उभिएका अरू सैनिकहरूलाई हामीले कति सम्झेका छौं । विजय एउटा व्यक्तिले मात्र हासिल गर्दैन युद्धभूमिमा नेतृत्व गर्ने सेनापति महत्वपूर्ण हुन्छन् तर त्यो नेतृत्वलाई आफ्नो जीवनको जोखिममा राखेर कार्यान्वयन गर्ने सैनिकहरू पनि उत्तिकै महत्वपूर्ण हुन्छन् । इतिहासमा सेनापतिको नाम ठूलो अक्षरमा लेखिन्छ तर सेनापतिको पछाडी उभिएका सैनिकहरूको नाम कहिलेकाही इतिहासका पानामै हराउछ । जितगढीको इतिहासमा पनि यही प्रश्न उठाउन आवश्यक छ । उजिरसिंह थापाको योगदानलाई कसैले कम गर्न खोजेको होइन । उहाँ नेपाली इतिहासका वीर कमाण्डर हुनुहुन्छ । उहाँको नेतृत्वमा जितगढीमा प्राप्त भएको विजय पाल्पाको मात्र होइन नेपालको गौरव हो तर उहाँसँगै युद्धभूमिमा उभिएका ती वीर सैनिकहरूको योगदान पनि हामीले उत्तिकै सम्मानका साथ सम्झनुपर्छ । उनीहरू बिना त्यो युद्धको कथा पूरा हुँदैन । उनीहरू बिना त्यो विजयको इतिहास अधुरो हुन्छ । म जितगढी पुग्दा त्यहाँ उभिएका सैनिकका सालिकहरू हेरे । हातमा हतियार शरीरमा युद्ध पोशाक अनुहारमा साहस र अडान बोकेर उभिएका ती सालिकहरू हेर्दा मनभित्र एउटा अनौठो अनुभूति भयो । ती सालिकहरू बोल्दैनन् तर उनीहरूको मौन अनुहारले धेरै कुरा भनिरहेको जस्तो लाग्यो उनीहरूले मलाई चुपचाप सोधिरहेको भान भयो खै हाम्रो पहिचान ?

सायद त्यो मेरो कल्पना थियो । सालिकहरू बोल्दैनन् तर इतिहास बोल्छ माटो बोल्छ पुराना किल्ला बोल्छन् । पुराना हतियार बोल्छन र कहिलेकाँही मौन सालिकहरूले पनि हाम्रो विवेकलाई प्रश्न गरिरहेका हुन्छन् । जितगढीमा उभिएर मलाई लाग्यो हामीले विजयको कथा त सुनायौ तर विजयका सबै पात्रहरूको कथा कति सुनायौ हामीले सेनापतिको नाम त सम्झियौ तर उहाँसँगै युद्धभूमिमा उभिएका सैनिकहरूको नाम कति सम्झियौ । हामीले भगवती माताको जयजयकार त गऱ्यौ तर मातृभूमिको रक्षाका लागि आफ्नो जीवन जोखिममा राख्ने ती वीरहरूको नाम कति पटक उच्चारण गऱ्यौ ? यही प्रश्नले मलाई पछ्याइरहेको छ । पाल्पाको इतिहासलाई हामीले अझ फराकिलो दृष्टिले हेर्नुपर्ने समय आएको छ । भगवती मन्दिर हाम्रो आस्थाको केन्द्र हो । जितगढी हाम्रो वीरताको प्रतीक हो उजिरसिंह थापा हाम्रो सैन्य इतिहासका गौरव हुन तर यी सबैको बीचमा रहेका ती ज्ञात अज्ञात सैनिकहरूलाई इतिहासको केन्द्रमा ल्याउनुपर्छ हामीले खोज्नुपर्छ । त्यो युद्धमा सहभागी सैनिकहरू को थिए ? उनीहरू कहाँका थिए ? उनीहरूको परिवार कहाँ थियो ? उनीहरूका सन्तान अहिले कहाँ छन् ? युद्धमा को-को वीरगति प्राप्त भए ? उनीहरूको योगदान के थियो ? उनीहरूको नाम कुनै पुरानो अभिलेखमा छ कि छैन् ? कुनै परिवारसँग उनीहरूको कथा सुरक्षित छ कि छैन ? कुनै पुरानो चिठी दस्तावेज हतियार तस्बिर वा वंशावलीमा उनीहरूको इतिहास लुकेको छ कि छैन ? यी प्रश्नको खोजी आजैबाट सुरु गर्नुपर्छ किनभने इतिहास आफै सुरक्षित हुँदैन । इतिहासलाई सुरक्षित गर्नुपर्छ । आज हामीले खोजेनौ भने भोलि धेरै कुरा हराइसकेको हुनेछ । आजका ज्येष्ठ नागरिकले सुनाएको कथा भोलि उनीहरूसँगै हराउन सक्छ घरमा सुरक्षित रहेका पुराना कागजात नष्ट हुन सक्छन् । पुराना तस्बिर हराउन सक्छन् । पुस्तौदेखि सुनिदै आएको मौखिक इतिहास बिर्सिन सक्छ । त्यसैले अब पाल्पाले आफ्नै इतिहास आफै खोज्ने र सुरक्षित गर्ने अभियान चलाउनुपर्छ । मलाई लाग्छ पाल्पामा एउटा व्यवस्थित वीर सैनिक स्मृति केन्द्र आवश्यक छ । त्यहाँ केवल एउटा व्यक्तिको सालिक होइन नेपाल अंग्रेज युद्धसँग सम्बन्धित सम्पूर्ण इतिहास राखिनुपर्छ । उजिरसिंह थापाको नेतृत्वदेखि लिएर युद्धभूमिमा उभिएका सैनिकहरूको विवरणसम्म समेटिनुपर्छ । पुराना नक्सा राखिनुपर्छ । युद्धमा प्रयोग भएका हतियारका प्रतिकृति राखिनुपर्छ । पुराना दस्तावेज र तस्बिर सुरक्षित गरिनुपर्छ । सम्भव भएसम्म सैनिकहरूको नाम उनीहरूको गाउँ र परिवारको विवरण राखिनुपर्छ । इतिहासलाई प्रमाणका आधारमा व्यवस्थित रूपमा प्रस्तुत गर्नुपर्छ । तानसेनमा एउटा ठूलो वीर सैनिक स्मृति उद्यान पनि बनाउन सकिन्छ । त्यहाँ ज्ञात अज्ञात सबै नेपाली सैनिकहरूको सम्मान हुने गरी स्मारक बनाउन सकिन्छ । स्मारकमा कुनै राजनीतिक दलको नाम होइन नेपालको नाम ठूलो अक्षरमा लेखिनुपर्छ । त्यहाँ एउटा यस्तो वाक्य लेखिनुपर्छ जसले पुस्तौसम्म मानिसलाई सोच्न बाध्य बनाओस् । मातृभूमिको रक्षाका लागि आफ्नो जीवन अर्पण गर्ने ज्ञात अज्ञात वीर नेपाली सैनिकहरूमा समर्पित त्यो स्मारकमा पुग्ने मानिसले केवल फोटो खिचेर फर्किनु हुँदैन । उसले इतिहास बुझेर फर्किनुपर्छ । उसले ती सैनिकको जीवन कल्पना गर्न सक्नुपर्छ ।उसले बुझ्नुपर्छ कि आज हामीले स्वतन्त्र रूपमा आफ्नो परिचय बोकेर हिड्न पाउनुका पछाडी धेरै मानिसको योगदान छ । भगवती मन्दिरमा पनि इतिहासलाई अझ व्यवस्थित रूपमा प्रस्तुत गर्न सकिन्छ । मन्दिरको धार्मिक महत्व आफ्नै ठाउँमा छ तर त्यससँग जोडिएको ऐतिहासिक पक्षलाई पनि नयाँ पुस्ताले बुझ्ने गरी प्रस्तुत गर्नुपर्छ । भगवती मन्दिरमा युद्धसँग सम्बन्धित इतिहासको एउटा विशेष कक्ष वा इतिहास भित्तो बनाउन सकिन्छ त्यहाँ जितगढी युद्धको नक्सा उजिरसिंह थापाको परिचय सैनिकहरूको योगदान भगवतीसँग जोडिएको भाकलको इतिहास र त्यसपछिको विजयको कथा प्रमाणसहित प्रस्तुत गर्न सकिन्छ । आजको पुस्ता डिजिटल पुस्ता हो । त्यसैले मन्दिर र ऐतिहासिक स्थलमा QR Code राखेर इतिहास मोबाइलबाट पढन सकिने व्यवस्था गर्न सकिन्छ पर्यटकले एउटा कोड स्क्यान गर्दा युद्धको पूरा इतिहास खुलोस् । कसले नेतृत्व गरे ? नेपाली पक्षको अवस्था कस्तो थियो ?, अंग्रेज फौज किन अघि बढेको थियो ? युद्ध कहाँ भयो? कसरी प्रतिरोध भयो ? र त्यसको ऐतिहासिक महत्व के हो ? भन्ने जानकारी सजिलै प्राप्त गर्न सकियोस् । यसरी इतिहासलाई आधुनिक प्रविधिसँग जोड्न सकिन्छ । पाल्पाको पर्यटन विकासका लागि पनि यो ठूलो अवसर हो । हामीसँग रानीमहल छ । श्रीनगर छ । भगवती मन्दिर छ । गोलाखाना छ । भैरवस्थान छ ।अमरनारायण मन्दिर छ । नुवाकोट छ । जितगढीसँग जोडिएको इतिहास छ । यी सबैलाई एउटै ऐतिहासिक पर्यटन सर्किटमा जोडन सकिन्छ । तानसेनको भगवती मन्दिरबाट सुरु हुने यात्रा नुवाकोट हुँदै जितगढीसम्म पुग्न सक्छ । यसलाई भगवती जितगढी वीरता सर्किट वा पाल्पा वीरता पदमार्गका रूपमा विकास गर्न सकिन्छ । पर्यटक तानसेन आएर केवल दृश्य हेरेर फर्किने होइन इतिहास पढेर फर्किने वातावरण बनाउनुपर्छ । उसले भगवती मन्दिरमा पुगेर युद्धअघि गरिएको भाकलको कथा सुन्न सकोस् । उसले उजिरसिंह थापाको नेतृत्व बुझ्न सकोस् । उसले ती वीर सैनिकहरूको योगदानबारे जान्न सकोस् । त्यसपछि जितगढी पुगेर युद्धभूमिको इतिहास आफ्नै आँखाले हेर्न सकोस् । यस्तो यात्रा केवल पर्यटन हुँदैन त्यो इतिहाससँगको प्रत्यक्ष भेट हुने छ । इतिहासलाई पर्यटनसँग जोड्न सके स्थानीय अर्थतन्त्रमा पनि ठूलो प्रभाव पर्न सक्छ । होटल व्यवसाय , रेस्टुरेन्ट , यातायात , स्थानीय उत्पादन , ढाका , करुवा , हस्तकला , पुस्तक तथा स्मृति सामग्रीको व्यापार बढन सक्छ इतिहासको संरक्षणसँगै रोजगारी र आर्थिक गतिविधि बढाउन सकिन्छ । त्यसैले इतिहास संरक्षणलाई विकाससँग जोडेर हेर्नुपर्छ । तर इतिहास लेख्दा एउटा कुरा सधैं ध्यान दिनुपर्छ । भावनासँगै प्रमाण पनि चाहिन्छ । हामीलाई आफ्नो इतिहासप्रति गर्व छ तर गर्वको नाममा अप्रमाणित कुरा थप्नु हुँदैन । कुन सैनिक कहाँबाट गए कसले युद्धमा भाग लिए कसले वीरगति प्राप्त गरे उनीहरूको परिवार कहाँ थियो भन्ने कुरा अनुसन्धान गरेर प्रमाणित गर्नुपर्छ । जनश्रुति महत्वपूर्ण हुन्छ तर जनश्रुतिलाई प्रमाणित इतिहाससँग छुट्याएर प्रस्तुत गर्नुपर्छ । पाल्पाका गाउँ-गाउँमा अझै पुराना कथा बाँकी हुन सक्छन् । कुनै परिवारमा पुरानो चिठी होला । कसैको घरमा पुरानो हतियार होला कसैसँग पुर्खाले सुनाएको युद्धको कथा होला । कसैको वंशावलीमा कुनै वीर सैनिकको नाम होला ती सबै सामग्री अहिले नै खोजेर सुरक्षित गर्नुपर्छ स्थानीय सरकार इतिहासकार नेपाली सेना पुरातत्वविद् विश्वविद्यालय , पत्रकार , स्थानीय बुढापाका र नयाँ पुस्ताले मिलेर यस्तो अभियान चलाउन सक्छन् । पाल्पाली सैनिकहरूको इतिहास खोज्न एउटा अनुसन्धान समिति बन्न सक्छ । पुराना अभिलेख अध्ययन गर्न सकिन्छ । परिवारको मौखिक इतिहास रेकर्ड गर्न सकिन्छ । प्रमाणित विवरणलाई डिजिटल अभिलेखमा राख्न सकिन्छ । त्यसपछि पाल्पाको इतिहास केवल एउटा मन्दिरको भित्तामा सीमित रहने छैन । त्यो एउटा ठूलो दस्तावेज बन्नेछ । हामीले विद्यालयमा पनि स्थानीय इतिहास पढाउनुपर्छ । बालबालिकालाई किताबमा मात्र इतिहास पढाउनु हुँदैन ।

**(बाँकी तेस्रो पृष्ठमा...)**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : आम्दानीको नयाँ उपाय भेटिन सक्छ। साथीको भेट सुखद हुनेछ।
**वृष** : मनको कुरा खुलेर भन्न सकिनेछ । खर्चमा संयम राख्नुहोस् ।
**मिथुन** : बोल्दा हतार नगर्नुहोस् । स्वास्थ्यमा स्फूर्ति रहनेछ।
**कर्कट** : खर्च घटाउने मौका मिल्नेछ । काममा नयाँ जिम्मेवारी आउला ।
**सिंह** : व्यापारमा राम्रो ग्राहक भेटिन सक्छ ।कामको सिलसिलामा बाहिर जानुपर्ला।
**कन्या** : रोकिएको पैसा आउने सम्भावना छ । घरमा खुसीको माहोल बन्नेछ ।
**तुला**: आज आफ्नो क्षमता देखाउने समय हो । व्यवसायमा फाइदा हुने छ ।
**वृश्चिक** : पुरानो योजना फेरि अघि बढ्नेछ । पैसाको हिसाब मिल्नेछ ।
**धनु** : साझेदारीको काममा सहमति बन्नेछ ।आर्थिक पक्ष सामान्यभन्दा राम्रो रहनेछ ।
**मकर** : आज काममा व्यस्तता बढ्नेछ । स्वास्थ्यका लागि हिँडडुल राम्रो हुनेछ।
**कुम्भ**: नयाँ मानिससँग भेट हुनेछ । पढाइमा ध्यान केन्द्रित हुनेछ ।
**मीन** : आर्थिक जिम्मेवारी पूरा हुनेछ । काममा धैर्यको फल मिल्नेछ ।




निबन्ध — उमेश रेग्मी

# व्यङ्ग्य निबन्ध : मंगल यात्रा

यो कथा विज्ञान, प्रेम, धैर्य, र अत्यधिक सहनशीलताको अनुपम मिश्रण हो । खास गरी जब तपाईंको श्रीमतीसँग मंगल ग्रहको यात्रा भइरहेको छ भने, सहनशीलता अनिवार्य हुन्छ । नासाले हालसालै एक नयाँ 'वैवाहिक सहनशीलता परीक्षण' अभियान चलाएको रहेछ । उनीहरू भन्छन्, "यदि श्रीमान्–श्रीमतीले सँगै मंगल ग्रहमा एक महिना बिताउन सक्छन् भने, पृथ्वीमा कुनै पनि समस्याले उनीहरूको सम्बन्ध तोड्न सक्दैन ।" अब, म नेपाली मान्छे, हिमाल आरोहण गर्ने हाम्रो परम्परा नै छ, तर मंगल आरोहण ? त्यसै पनि श्रीमतीको मिजास कहिले मंगलवार जस्तो शान्त हुन्छ त कहिले शनिवार जस्तो उग्र । त्यसैले मैले सोचें, केही फरक पर्दैन, गएरै हेर्छु ।

मैले कहिल्यै सोचेको थिइनँ कि एकदिन म मंगल ग्रह पुग्छु, त्यो पनि आफ्नी श्रीमतीलाई लिएर । म त एउटा सामान्य नेपाली मान्छे, बिहान उठेर चिया पिउने, अफिस जाने, साँझ घर फर्कने अनि श्रीमतीको "आज के ल्यायौ ?" भन्ने प्रश्नको सामना गर्ने । तर के गर्ने, भगवानले पुरुष जातिलाई अनगिन्ती चुनौतीहरू दिएका छन्, र तीमध्ये एक हो, श्रीमतीलाई खुशी राख्ने । यही महत्त्वपूर्ण अभियानमा असफल हुँदै गर्दा मलाई आइपरेको यो मंगल यात्राले म उत्साहित अनि अन्योल दुवै बनेको छु ।

हुन त श्रीमतीलाई मंगल ग्रह लैजाने मेरो सपना पुरानै हो, उनीसँग यसबारे निकै चोटी वादविवाद पनि भएको थियो । "जान त जान्छु नि, तर शपिङ गर्ने ठाउँ छ कि छैन ?" उनको यस्तो प्रश्नको उत्तर के दिनु मैले । मंगल ग्रहमा ब्रान्डेड सामानको पसल छ कि छैन भन्ने जानकारी त मलाई नासाले दिएको थिएन, खैर, मैले फकाउँदै भनेंको थिए, "त्यहाँ नि राम्रो राम्रो पसल छन्, सारा मंगलवासी तिमीलाई देखेर प्रभावित हुनेछन् , मेरो यकिन गर तिमी ।"

मंगल जाने कुरा सुनेपछि श्रीमतीको पहिलो प्रतिक्रिया आएको थियो, "तिमी कहिल्यै मलाई राम्रो ठाउँमा लैजान सक्दैनौ ,मंगल ग्रहसम्म त लान सक्छौ के, बरु यसो मौरिसस तिर घुमाउन लागेको भए भैहाल्थ्यो नि ?" अब, म कसरी सम्झाऊँ उसलाई मौरिसस र मंगलको फरक, चुप लागेर बस्नु नै उत्तम ।

अन्तत: हामी नासाको गोप्य मिसन अन्तर्गत मंगल ग्रहतर्फ उड्ने भयौं । श्रीमती भने आफ्नो ब्यागमा काठमाडौंको असनबाट किनिएका पाँच किलो गुन्द्रुक राख्दै थिइन् । "त्यहाँ खान नपाइएला, बरु आफ्नै देशको स्वाद लैजाऊँ," भनेर उनले गुन्दुक मात्र होइन, दुई किलो भटमास, एउटा सुकुटीको प्याकेट अनि आधा किलो जिरीको च्याउसमेत कोचिन् । म त छक्क परें, नासाका वैज्ञानिकहरू जहाज हलुका बनाउने उपाय खोज्दै थिए, मेरी श्रीमती भने त्यसलाई नेपाली भान्साघर बनाउने कम्मर कस्दै थिइन् ।

हामीलाई रकेटमा राखियो । सिट बेल्ट कसिएपछि श्रीमतीले पहिलो प्रश्न गरिन्, "विमानस्थलमा नि–ड्युटी–फ्री शपिङ गर्न पाइँदैन र ?" म त मुख छोपेर हाँस्न थालें उता नासाका वैज्ञानिकहरू मेरो अनुहार हेरेर मुखामुख गर्न थाले । मैले सम्झाएँ, "ड्युटी–फ्री कहाँ हो र ? यो सीधा अन्तरिक्ष उडान हो ।" श्रीमतीको लीला भगवानले त बुझ्न सक्दैनन् म त केवल एउटा श्रीमती खुशी पार्ने अभियानमा लागेको निरीह प्राणी, उनको हठ सामु के नै पो गर्न सक्थे र । उसको लागि किनमेल भनेको अन्तरिक्ष यात्राको लागि अक्सिजन जस्तै हो । मंगल पुग्दा अक्सिजन नपाइए पनि कुनै चिन्ता छैन, तर शपिङ नगरी बाँच्न सकिएला र । अन्तत: उडान शुरू भयो । मेरो मनमा थियो, "अब केही घण्टा शान्ति पाइनेछ ।"

रकेटले पृथ्वी छोडेपछि श्रीमतीले झ्यालबाट बाहिर हेर्दै भनिन्, "ए, हाम्रो घर देखिन्छ कि क्या हो ?" मैले भनें, "हाम्रो घर होइन, त्यो भारतको कुनै शहर हो ।"उनले उत्तर दिइन्, "ए, त्यसो भए दिल्ली पो हो हेर त, ट्राफिक जाम ।" अब म भने झ्यालतिर नहेर्ने निर्णयमा पुगें ।म सानैदेखि हवाई यात्रामा अत्तालिने मान्छे, त्यसमाथि यो त रकेट । श्रीमती चाहिँ अचम्मै गरी ढुक्क थिइन् । शायद उनी रकेटभन्दा पनि म माथि ध्यान दिइरहेकी थिइन्, म कति बेला बेहोस हुन्छु भनेर । हवाईयात्रामा आफ्नो हालत बेहोस होला झैं हुन्छ अक्सर, खै के भन्नु । डाक्टरलाइ देखाएको पनि हो अनि उनको लहैलहैमा झाँक्री को फुकफाक पनि सहेकै हो तर केही सिप लागेन, कसैले मेरो उपचार गर्न सकेन । त्यसैले होला मलाई हवाईयात्रा त्यति मनै पर्दैन । मंगल पुगेपछि राहतको सास फेर्न पाइन्छ जस्तो लागेको थियो तर गजबकै ठूलो समस्या आइपुग्यो । समस्या सास फेर्नु सँगै सम्बन्धित थियो, अक्सिजनको । म नासाले दिएको अक्सिजन सिलिन्डर लगाएर हिंड्न थालें, तर मेरी श्रीमतीले मुख घुमाउँदै भनिन्, "यो के हो ? मास्क लगाउँदा मेरो मेकअप बिग्रन्छ " अब मंगलमा मेकअप कसले हेर्छ कुन्नि, तर श्रीमतीको तर्क अनुसार, "जहाँ गए पनि स्टाइल हुनुपर्छ" भन्दै आफ्नो मेकअप बिग्रेको सारा दोष ममाथि थोपार्न थालिन् । लागेको थियो पृथ्वी छोडेपछि, "अब त श्रीमतीसँग केही समय शान्तिमा बिताउन पाइन्छ ।" तर म गलत साबित भएँ । एक माथि अर्को दोषको भारी बोक्न पर्दा ।

अन्तत: हाम्रो रकेट मंगलमा ओर्लियो । हामी ओर्लनासाथ के देखिन् उनले कुन्नि सोध्न थालिन्, "यो होटलको नाम के हो ?" मैले टाउको समातें, "होटल ? यो मंगल ग्रह हो । यहाँ कहाँ देख्यौ तिमीले होटल ?" "हैन, त्यसो भए त्यो टाढा देखिएको रिसोर्ट होला नि ?" अब म कुन शब्द प्रयोग गरूँ ? "त्यो रिसोर्ट होइन भनेर " सम्झाउन खोजें, तर उनको मुख्य गुनासो अर्कै थियो, "हैन, यहाँ त समुद्र पनि छैन । यस्तो बीच पनि नभएको सुक्खा ठाउँमा किन ल्याएको ?"मैले ज्यान जोगाउन भनें, "यो त हाम्रो लेट हनिमून यात्रा हो ।" उनको उत्तर आयो, "हनिमून भनेको मौरिसस, माल्दिभ्स, स्विजरल्याण्ड हो, मंगल होइन ।"

**अब म के गरूँ ?**

अब खानाको पालो आयो । नासाले दिएको स्पेस फूड खाने बेला श्रीमती झोक्किइन्, "के हो यो ? दाल–भात छैन ?" मैले सम्झाएँ, "यहाँ नेपाली खाना पाइँदैन ।" उनको प्रतिक्रिया आयो, "हैन, यसरी भोकै बस्नुपर्‍यो भने म त भोलिसम्म बाँच्दिनँ ।" उनी एकाएक आफ्नो झोलाबाट गुन्द्रुक झिक्न थालिन् । "यो त यहाँ पनि मज्जाले पाक्छ ।" भनेर उनले एउटा मंगलको ढुङ्गामा गुन्द्रुक सुकाउन थालिन् । अब म आत्तिएँ । नासाका वैज्ञानिकहरूले के सोच्लान्, "नेपालले विज्ञानभन्दा बढी गुन्द्रुकको अनुसन्धान गरिरहेको रहेछ।" हुन त नेपालले अनुसन्धान गर्ने कुरो गुन्द्रुक बाहेक अरू के नै पो छ र । कोही कोही त भन्छन् सिंहदरवार भित्र कुर्सी हत्याउने अनुसन्धान हुन थालेको चाहिँ धेरै भइसक्यो रे ।मैले गुन्द्रुक थन्क्याउन भनेपछि उनी रकेटको चालक दललाई धम्की दिन थालिन्, "तिमीहरूलाई थाहा छ, एउटा नेपाली श्रीमती भोकै रहनु भनेको के हो, पूरा ब्रह्माण्ड संकटमा पर्न सक्छ ।" बिचरा वैज्ञानिकहरू डराए । अर्को उडानबाट स्पेशल क्याटरिङ ल्याउने आश्वासन दिए उनीलाई । बल्ल श्रीमतीको मुहार उज्यालो भयो । फेरि अर्को समस्या आयो, त्यहाँ शपिङ गर्ने ठाउँ थिएन । श्रीमतीले औंलो ठड्याउँदै भनिन्, "तिमीले त यहाँ ब्रान्डेड पसल हुन्छ भनेका थियौ ।" अब म के भन्ने ? "यहाँका एलियनहरूले अनलाइन शपिङ गर्छन्," भनेर जोगिन खोजें, तर उनी मेरो कुरामा फसिनन् । यत्तिकैमा, अचानक रात पर्न थाल्यो । मंगलको रात पृथ्वीको जस्तो १२ घण्टाको हुँदैन, त्यसैले म झन् डराएँ । "अब त यहाँ बस्न पनि मुश्किल छ", भनेर म फर्किन खोज्दै थिएँ, तर श्रीमती भने आफ्नो मोबाइल निकालेर सेल्फी लिन थालिन् । "मंगलमा आएको प्रमाण देखाउनुपर्छ नि ।" अब उनलाई कसरी सम्झाउने कि त्यहाँ नेटवर्क हुँदैन भनेर । अब यो मेरो लागि सबैभन्दा ठूलो समस्या बन्यो । मंगलको धूलो, कम गुरुत्वाकर्षण, अक्सिजनको अभाव, यी सबै सह्य थिए । तर श्रीमतीले फेसबुक अपडेट गर्न नपाउनु भनेको ब्रह्माण्डीय संकट बन्न पुग्ने निश्चित थियो, म मनमनै डराउन थाले । यो यात्रा मेरो लागि अविस्मरणीय रह्यो । मंगलको गुरुत्वाकर्षण कम भए पनि श्रीमतीको खप्कीको तौल जस्ताको तस्तै थियो । म नासालाई एउटा सल्लाह दिन चाहन्छु, अर्को पटक जोडी परीक्षण कार्यक्रम गर्ने हो भने, श्रीमतीहरूलाई अनिवार्य रूपमा शपिङ गर्ने सुविधा प्रदान गर्नुपर्छ । नभए पूरै मंगल यात्रा अभियान नै संकटमा पर्न सक्छ । अन्तत:, जब हाम्रो फर्किने समय आयो, श्रीमतीले मंगलको माटो एक मुठी आफ्नो झोलामा कोचिन् । "कसैले विश्वास नगरे भने देखाउने ।" म उनको यो पराक्रम देखेर दंग परें । अब नेपाल फर्केपछि कसलाई के भन्ने ? म सोच्दै बस्न थाले । नेपालमा आइपुगेपछि सबैले सोधे, "यात्रा कस्तो भयो ?" म त केही बोल्न सकिनँ, तर श्रीमतीले मुस्कुराउँदै भनिन्, "मंगल त ठिकै हो, तर शपिङ गर्ने ठाउँ रहेनछ त्यसैले खासै रमाइलो चाहिँ भएन ।" उनको यस्तो कुरा सुने पछि म एउटा निष्कर्षमा पुगें, "मंगल ग्रहको वातावरणभन्दा पनि जटिल कुरा हो, श्रीमतीलाई सन्तुष्ट पार्ने उपाय खोज्नु ।"घर जाने क्रममा उनले नजिकैको रेस्टुरेन्टमा म:म खाने इच्छा देखाउन थालिन्, "मंगलमा त केही खाने पाइएन, त्यस्तो मोरो ठाउँ ।", उनको प्रतिक्रिया सुनेर म द। थिएँ । सोचें, "अब कहिल्यै श्रीमतीलाई यस्तो साहसिक यात्रामा लाने छैन ।" तर श्रीमतीको अन्तिम टिप्पणीले मलाई आश्चर्यचकित पार्‍यो, "अब अर्को पटक कहाँ जाने ? भेनिश या पेरिस लानू है, त्यहाँ हनिमून बरु रमाइलो हुन्छ ।"–*साहित्यपोष्ट*

कथा — विनय कसजू

# जन्मदिनको उपहार

भोलि मेरो जन्म दिन हो । मलाई भोलि मेरो स्कुलका साथीहरूले अचम्मको उपहार दिन्छु भनेका छन् । त्यो अनौठो उपहार के होला भनेर जान्न मलाई निक्कै खुल्दुली लागेको छ । कहिले भोलि होला भनेर म आत्तिएको छु । मेरो नाम शैली हो । तर मलाई साथीहरूले मिस स्लो भन्छन् । म जहिले पनि स्कुलमा ढिलो पुग्छु । यसैले होला स्कुलमा सर र मिसहरूले पनि मलाई स्लो भनेर बोलाउन थाल्नु भएको छ । तर मलाई स्लो भनेको कत्ति पनि मन पर्दैन । म सानो कछुवा हुँ । मेरो घर फेवातालको छेउमा छ । मेरो स्कुल तालको पाल्लो छेउमा छ । स्कुलबाट फर्कने बित्तिकै मलाई तालमा पौडी खेल्दै सानासाना माछा समातेर खान मन लाग्छ । तर आमाले मलाई खेल्न जान दिनुहुन्न सँधै पढ पढ भनिराख्नुहुन्छ । म सबै साथीहरूभन्दा पहिले स्कुलमा पुग्न चाहन्छु । तर मेरा हातगोडा छोटाछोटा छन् । जति छिटो दगुर्न खोजे पनि साथीहरूले मलाई उछिन्छन् । पहिलो पिरियडको अंग्रेजी कक्षामा म सँधैजसो ढिलो पुग्छु । त्यसैले अंग्रेजी विषयको जाँचमा थोरै नम्बर पाउँछु । म जाँचमा कहिले पनि फेल भएको छैन । सबै विषयमा राम्रै नम्बर ल्याउँछु । तर अंग्रेजीमा धेरै कमजोर भएको हुनाले कक्षामा राम्रो पोजिसन ल्याउन सक्तिन । जति मेहनत गरे पनि कक्षामा राम्रो पोजिसन ल्याउन सकेन भनेर आमा सँधै पिर मान्नु हुन्छ । मलाई खेल्न पनि जान दिनु हुन्न । मलाई ठीक समयमा स्कुल पठाउन कोसिस गर्नुहुन्छ । सबेरै खानेकुरा पकाउनु हुन्छ । मिठोमिठो खाजा राखेर स्कुल पठाउनु हुन्छ ।मेरो जन्मदिनमा मैले मेरो कक्षाका सबै साथीहरूलाई निम्तो गरेको छु । आमाले मेरा सबै साथीहरूलाई पुग्ने सेल रोटी र अचार बनाउनु भएको छ ।मेरा साथीहरूले मलाई जन्मदिनको उपलक्ष्यमा अनौठो र निक्कै कामलाग्ने उपहार दिए । म उनीहरूको गुन कहिल्यै बिर्सन सक्तिन । उनीहरूले मलाई पाँग्रा भएको जुत्ता उपहार दिएका छन् । त्यो जुत्ता लाएर अब म खरायोलाई पनि भेट्टाउन सक्छु । अब म सबैभन्दा पहिले स्कुल पुग्छु । कुनै पनि कक्षा छुटाउँदिन । सबै विषयमा राम्रो गर्छु अब आउने जाँचमा फस्ट पोजिसन ल्याउने कोशिस गर्छु । म फस्ट भएँ भने मलाई कम्प्युटर किनिदिन्छु भनेर आमाले भन्नु भएको छ ।

–*बालसंसार*

# भगवतीको आस्था...

...उनीहरूलाई भगवती मन्दिर ,जितगढी,नुवाकोट ,पाल्पा दरबार संग्रहालय लैजानुपर्छ । उनीहरूले आफ्नै आँखाले ऐतिहासिक स्थल देख्नुपर्छ । शिक्षकले भन्न सक्नुपर्छ आज हामी किताब पढ्न होइन इतिहास हेर्न जादैछौ त्यो अनुभवले विद्यार्थीको मनमा जीवनभरका लागि इतिहास बस्न सक्छ । आज हामी सामाजिक सञ्जालमा इतिहासका सालिकसँग फोटो खिच्छौ । मन्दिरमा फोटो खिच्छौ । किल्लामा फोटो खिच्छौ तर फोटो खिचेर फर्किएपछि हामीले त्यो इतिहास पढेका छौ कि छैनौ भन्ने प्रश्न पनि महत्वपूर्ण छ । सालिकसँग सेल्फी लिनु नराम्रो होइन तर सालिक किन बनाइएको हो भन्ने थाहा पाउनु अझ ठूलो कुरा हो । इतिहासँग फोटो खिच्नु राम्रो हो तर इतिहाससँग सम्बन्ध जोड्नु अझ राम्रो हो । जितगढीमा उभिएका ती सालिकहरूले मलाई यही कुरा सम्झाए । ती सालिकहरूले मानौं भनिरहेका थिए हामीलाई एक दिन फूल चढाएर नबिर्स हाम्रो नाम खोज, हाम्रो कथा लेख, हाम्रो परिवार सम्झ, हाम्रो योगदान नयाँ पुस्तालाई सुनाऊ । सायद उनीहरूलाई अरू केही चाहिएको छैन । उनीहरूलाई पद चाहिएको छैन, राजनीति चाहिएको छैन, प्रचार चाहिएको छैन, उनीहरूलाई केवल स्मरण चाहिएको छ । हामीले इतिहासको ऋृण सम्झनाले तिर्नुपर्छ । आज हामी स्वतन्त्र रूपमा आफ्नो राष्ट्रिय झण्डा फहराइरहेका छौ । आफ्नो भाषा बोलिरहेका छौं । आफ्नो भूगोललाई आफ्नो भनेर भन्न पाएका छौं । यो सबै सहजै प्राप्त भएको होइन। इतिहासमा धेरै मानिसले आफ्नो जीवन दिएका छन् । उनीहरूका परिवारले पीडा सहँदै राष्ट्रको इतिहासलाई अघि बढाएका छन् । कुनै आमाले आफ्नो छोरा कुर्दै जीवन बिताइन् होला । कुनै श्रीमतीले आफ्नो पति फर्कने प्रतीक्षा गरिन् होला ।

कुनै बालकले आफ्नो बाबुको अनुहार फेरि देख्न पाएनन् होला । युद्धको इतिहासमा विजयको गौरवसँगै यस्ता अनगिन्ती व्यक्तिगत पीडाहरू पनि लुकेका हुन्छन् । त्यसैले वीरहरूको सम्मान गर्दा उनीहरूको बलिदानसँगै परिवारले भोगेको पीडा पनि सम्झनुपर्छ । जितगढीको विजयलाई हामीले केवल युद्ध जितेको घटना भनेर बुझ्नु हुँदैन । त्यो राष्ट्रिय स्वाभिमानको एउटा अध्याय हो । सीमित स्रोतसाधनका बाबजुद शक्तिशाली अंग्रेज फौजको सामना गर्नु तत्कालीन नेपाली सैनिकहरूको साहसको प्रमाण हो । त्यसैले त्यो इतिहास आजको पुस्ताका लागि पनि प्रेरणाको स्रोत बन्न सक्छ तर वीरता भनेको अनावश्यक युद्ध खोज्नु होइन । वीरता भनेको आफ्नो कर्तव्यप्रति इमानदार हुनु हो । देशको रक्षा गर्नु हो । अन्यायका विरुद्ध उभिनु हो । समाज निर्माणमा योगदान गर्नु हो । आज हाम्रो पुस्ताको युद्धको मैदान फरक छ, हामीले शिक्षा , विकास , सुशासन , भ्रष्टाचारविरुद्धको संघर्ष र राष्ट्र निर्माणका क्षेत्रमा आफ्नो भूमिका निर्वाह गर्नुपर्छ ।

पुराना वीरहरूको कथा आजका युवालाई जिम्मेवारी सिकाउने माध्यम बन्नुपर्छ । पाल्पाले अब एउटा ठूलो ऐतिहासिक पहल गर्नुपर्छ । भगवती मन्दिर र जितगढीलाई जोडेर एउटा व्यवस्थित ऐतिहासिक पर्यटन सर्किट बनाउनुपर्छ । वीर सैनिकको इतिहास खोज्नुपर्छ । प्रमाणित नाम सार्वजनिक गर्नुपर्छ । उनीहरूको परिवार पहिचान गर्नुपर्छ । स्मारक ,संग्रहालय बनाउनुपर्छ । विद्यालयको पाठ्यक्रमसँग जोडनुपर्छ । डिजिटल अभिलेख तयार गर्नुपर्छ । इतिहासलाई पर्यटनसँग जोडनुपर्छ । किनकि राष्ट्र केवल वर्तमानले बनेको हुँदैन राष्ट्र विगतबाट बनेको हुन्छ । वर्तमानले त्यसलाई सम्हाल्छ र भविष्यले त्यसलाई अघि बढाउँछ । यदि विगत बिर्सियौ भने वर्तमानको जग कमजोर हुन्छ । मलाई लाग्छ अब पाल्पाले आफ्ना वीर सैनिकहरूलाई सम्झने नयाँ अभियान सुरु गर्नुपर्छ । यो अभियान कुनै व्यक्ति वा दलको हुनु हुँदैन । यो सम्पूर्ण पाल्पालीको साझा अभियान हुनुपर्छ । यो राष्ट्रिय स्मृतिको अभियान हुनुपर्छ । भगवती मन्दिरले हामीलाई आस्था सम्झाइरहोस् । जितगढीले हामीलाई वीरता सम्झाइरहोस् । उजिरसिंह थापाले नेतृत्व सम्झाई रहनुहोस् । अनि ती ज्ञात अज्ञात सैनिकहरूले हामीलाई बलिदान सम्झाइ रहून । म फेरि ती सालिकहरू सम्झन्छु । हातमा हतियार बोकेर उभिएका ती आकृतिहरू हेर्दा मनमा एउटा आवाज आउछ खै हाम्रो पहिचान ? यो प्रश्न अब केवल सालिकहरूको होइन । यो पाल्पाको प्रश्न हो । यो हाम्रो प्रश्न हो । हामीले उजिरसिंह थापालाई सम्झनुपर्छ । उहाँको नेतृत्वको सम्मान गर्नुपर्छ । भगवती माताको इतिहासलाई सम्मान गर्नुपर्छ । जितगढीको विजयलाई राष्ट्रिय गौरवका रूपमा संरक्षण गर्नुपर्छ तर त्यससगै ती वीर सैनिकहरूलाई पनि सम्झनुपर्छ जसले युद्धभूमिमा आफ्नो जीवनको जोखिम मोलेर मातृभूमिको रक्षा गरे उनीहरूको नाम खोज्नुपर्छ उनीहरूको गाउ खोज्नुपर्छ उनीहरूको परिवार खोज्नुपर्छ उनीहरूको कथा लेख्नुपर्छ उनीहरूको स्मारक बनाउनुपर्छ इतिहास केवल सालिक होइन इतिहास केवल मन्दिरको भित्ता होइन इतिहास केवल जात्रा होइन इतिहास केवल पुस्तक पनि होइन इतिहास भनेको मानिसको स्मृति हो । त्यसैले पाल्पाको इतिहासलाई अब भित्ताबाट बाहिर निकालौ सालिकमा उभ्याऔ संग्रहालयमा सुरक्षित गरौं विद्यालयमा पढाऔं । पर्यटनको बाटो बनाऔ । डिजिटल संसारमा पुऱ्याऔ र सबैभन्दा महत्वपूर्ण कुरा आफ्नो मनमा राखौं । कुनै दिन एउटा बालक भगवती मन्दिरमा पुगेर सोधोस् यहाँ के भएको थियो ? उसको शिक्षकले गर्वका साथ भन्न सकोस् । यो त्यही ठाउँ हो जहाँ नेपाली वीरहरूले युद्धमा जानुअघि विजयको भाकल गरेका थिए । त्यसपछि उसले फेरि सोधोस उनीहरू को थिए ? शिक्षकसँग एउटा पूरा अभिलेख होस् । उहाँ उजिरसिंह थापा हुनुहुन्थ्यो । उहाँसँगै यी यी सैनिकहरू थिए । उनीहरू यी यी ठाउँबाट आएका थिए । उनीहरूको योगदान यस्तो थियो । उनीहरूमध्ये कतिपय युद्धमा वीरगति प्राप्त भए । उनीहरूको परिवारको इतिहास पनि यही सुरक्षित छ । त्यो दिन मात्र हामी भन्न सक्ने छौ । हामीले आफ्नो इतिहासलाई साच्चिकै सम्मान गरेका छौ किनकि राष्ट्रको इतिहास एक जनाले लेख्दैन । इतिहास धेरै हातले लेखिन्छ धेरै पसिनाले लेखिन्छ धेरै आँसुले लेखिन्छ र कहिलेकाही धेरै रगतले लेखिन्छ । त्यसैले जितगढीको विजयको कथा सुनाउँदा उजिरसिंह थापाको नामसँगै ती ज्ञात अज्ञात सैनिकहरूको नाम पनि सम्झिनुपर्छ । भगवती मन्दिरमा भाकल भएको थियो । जितगढीमा विजय भएको थियो तर त्यो विजयको पूर्ण कथा तब मात्र पूरा हुनेछ जब हामी त्यस युद्धभूमिमा उभिएका प्रत्येक वीर सैनिकको इतिहास खोज्नेछौ । उनीहरूको पहिचान स्थापित गर्ने छौ । र नयाँ पुस्तालाई उनीहरूको योगदान सुनाउनेछौं । मलाई आज पनि ती सालिकहरूले चिच्याएर भनिरहेको भान हुन्छ खै हाम्रो पहिचान ? अब पाल्पाले त्यसको उत्तर दिनुपर्छ तिमीहरू बिर्सिएका छैनौ तिमीहरूको इतिहास खोजिने छ । तिमीहरूको नाम लेखिनेछ । तिमीहरूको स्मारक बन्नेछ तिमीहरूको कथा पुस्तौसम्म सुनाइने छ । त्यही हाम्रो श्रद्धाञ्जली हो । त्यही हाम्रो जिम्मेवारी हो त्यही हाम्रो इतिहासप्रतिको इमानदारी हो र त्यही पाल्पाको वास्तविक पहिचान हो ।

# बाढीपीडित विष्ट परिवारको दुःखमा काँग्रेस पाल्पाको साथ



**पाल्पा,** भदौ १७/ भोटेकोशी बाढीमा ज्यान गुमाएका तानसेन नगरपालिका-१०, सुनडाँडाका दिपेन्द्र विष्टको परिवारलाई नेपाली काँग्रेस पाल्पाले आर्थिक सहयोग गरेको छ । बाढीमा परी नेपाल प्रहरीमा कार्यरत प्रहरी सहायक हवल्दार विष्टको निधन भएपछि शोकमा रहेको परिवारलाई भेट्न कांग्रेस पाल्पाको टोली सुनडाँडा पुगेको हो ।

पार्टी सभापति हिमालदत्त श्रेष्ठको नेतृत्वमा पुगेको टोलीले परिवारजनसँग भेट गरी विष्टको निधनप्रति दुःख व्यक्त गर्दै नगद १० हजार रुपैयाँ सहयोग गरेको छ । विष्टको निधनले परिवारमा परेको पीडाप्रति दुःख व्यक्त गर्दै कांग्रेस नेताहरूले विपद्का कारण सिर्जित कठिन परिस्थितिमा परिवारलाई एक्लो महसुस हुन नदिने बताएका थिए । उनीहरूले परिवारको दुःखमा पार्टीको साथ र सहयोग रहने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।

विष्टको निधनपछि उनकी श्रीमती र करिब डेढ वर्षीया छोरीसहितको परिवार शोकमा छ । कर्तव्यमा रहेका बेला बाढीमा परी ज्यान गुमाएका विष्टको निधनले परिवारसँगै आफन्त र स्थानीयस्तरमा समेत दुःखको अवस्था सिर्जना भएको छ । परिवारलाई भेट्न पुगेको टोलीमा कांग्रेस पाल्पाका सचिव सन्तोषकुमार थापा मगर, सचिव सुनिता अधिकारी, कोषाध्यक्ष मोहन श्रेष्ठ, जिल्ला सदस्य सुरेश बोहोरा ,गिरिजा गैरे, नेताहरु शिवचन्द खनाल, शान्ति झेडीलगायत सहभागी थिए । त्यस्तै, नेपाली कांग्रेस तानसेन-१० का वडा सभापति दीपक कार्की, भोजराज भट्टराईलगायत नेता तथा कार्यकर्ताको पनि सहभागिता रहेको थियो । बाढी, पहिरोलगायत विपद्बाट प्रभावित परिवारलाई राहत तथा सहयोग आवश्यक रहेको उल्लेख गर्दै कांग्रेस पाल्पाले पीडितको दुःखमा स्थानीय तहमा समेत सहकार्य र सहयोगलाई निरन्तरता दिने जनाएको छ ।


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

## एनभीएल खेल्न विदेशी खेलाडी नेपालमा



**काठमाडौं,** भदौ १७/ नेपालमा पहिलो पटक हुन लागेको पुरुष भलिबलको फ्रेन्चाइज लिग नेपाल भलिबल लिग (एनभीएल) खेल्न विदेशी खेलाडी नेपाल आएका छन्। केडिया ग्रुपको आयोजनामा भदौ १९ देखि २७ गतेसम्म काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको कभर्डहलमा हुन लागेको प्रतियोगितामा सहभमागी हुन विदेशी १८ खेलाडी नेपाल आएका हुन् ।

लिगमा ६ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्ने छन् । नेपाल भलिबल लिगमा ६ टिमले ३-३ विदेशी खेलाडी राख्ने प्रावधान छ । जसमा विभिन्न देशका खेलाडीहरू नेपाल भलिबल लिग खल्न नेपाल आइसकेका छन् । यसअघि नेपाल भलिबल संघले आयोजना गर्ने प्रतियोगितामा अधिकांश भारत र पाकिस्तानका खेलाडीहरू मात्र आउने गरे पनि यस लिगमा भने एसिया, युरोप, अफ्रिका र ल्याटिन अमेरिकी खेलाडीहरू पनि आउँदैछन् । यस पटक नेपाल भलिबल लिगमा विभिन्न ९ राष्ट्रका खेलाडीहरू आएका छन् । त्यसमध्ये पाकिस्तान र भारतका खेलाडीहरू धेरै छन् । तर यस पटक एसिया भन्दा बाहिरका खेलाडीहरू पनि नेपाल आउँदा नेपाल भलिबल लिगको प्रचार प्रसारमा ठूलो सहयोग पुग्ने र नेपाली भलिबल खेलाडीहरूले पनि विदेशी खेलाडीहरूबाट धेरै कुरा सिक्न सक्नेछन् । अहिलेसम्म पक्का भइसकेका विदेशी खेलाडीमा पाकिस्तानबाट सबैभन्दा धेरै ५ खेलाडी आएका छन् । यस्तै भारत र मंगोलियाबाट ३-३ खेलाडी नेपाल आइसकेका छन् । यसबाहेक पोल्यान्ड, बेलारुस, इरान, रसिया, बेनिनबाट पनि १-१ खेलाडी नेपाल आइसकेका छन् । लिग खेल्ने १८ मध्ये अब एक विदेशी खेलाडी मात्र नेपाल आउन बाँकी छन् ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१


### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको नायरनमतलेस गा.वि.स.-२, हाल बगनासकाली गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 1403470 A का हवलदार नर बहादुर थापा (ना.प्र.मा नर बहादुर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा प्रभा र जन्म मिति सन् १९५७ सेप्टेम्वर १५ (वि.स.२०१४/०५/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा प्रभा सारु, जन्म मिति वि.स. २०१०/०९/१४ (सन् १९५३ डिसेम्वर २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको नायरनमतलेस गा.वि.स.-२, हाल बगनासकाली गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5244820 L का TS/NK यम बहादुर थापा (ना.प्र.मा यम बहादुर गाहा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा चित्र कुमारी थापा र जन्म मिति सन् १९६३ मार्च २८ (वि.स.२०१९/१२/१५) र नेपाली नागरिकता प्रमाणपत्रमा चित्र कुमारी शारु गाहा, जन्म मिति वि.स. २०१९/१२/१४ (सन् १९६३ मार्च २७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको चिदीपानी गा.वि.स.-१, हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 5445831 N का TS/NK खडग बहादुर थापा (ना.प्र.मा खडक बहादुर गाहा भन्ने खडग बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा धन कुमारी र जन्म मिति सन् १९५६ सेप्टेम्वर १७ (वि.स.२०१३/०६/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा धनिसरा गाहा भन्ने धन कुमारी थापा, जन्म मिति वि.स. २०११/०६/०१ (सन् १९५४ सेप्टेम्वर १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला माथागढी गाउँपालिका -३ निवासी भारतिय भू.पू.सैनिक नं. 5750131 H का TS/NK गम बहादुर राना (ना.प्र.मा गम बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा राम कुमारी र जन्म मिति सन् १९६७ जुलाई १ (वि.स.२०२४/०३/१७) र नेपाली नागरिकता प्रमाणपत्रमा मान कुमारी राना, जन्म मिति वि.स. २०२८/१२/१४ (सन् १९७२ मार्च २७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको कसेनी गा.वि.स.-२, हाल माथागढी गाउँपालिका -३ निवासी भारतिय भू.पू.सैनिक नं. 5453410 A का हवलदार मान बहादुर राना (ना.प्र.मा मान बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा गोम्ती राना र जन्म मिति सन् १९७८ जनवरी २३ (वि.स.२०३४/१०/१०) र नेपाली नागरिकता प्रमाणपत्रमा गौमती राना, जन्म मिति वि.स. २०३४/०९/११ (सन् १९७७ डिसेम्वर २६) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविको चापपानी गा.वि.स. २ हाल बगनासकाली गाउँपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. 5043300 F का H/NB-Sub बल बहादुर थापा (ना.प्र.मा बल बहादुर कनौजे थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा उमा देवी र जन्म मिति सन् १९६५ नोभेम्वर १ (वि.स.२०२२/०७/१६) र नेपाली नागरिकता प्रमाणपत्रमा उमा देवी कनौजे थापा, जन्म मिति वि.स. २०१९/०८/१७ (सन् १९६२ डिसेम्वर २) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई